५१८ – ५३०

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५५८/२०७२/०७३
निर्णय नं. ५३०

फ्रिडम फोरम, थापाथली,काठमाडौका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), कपिलवस्तु नगरपालिका कार्यालय, कपिलवस्तु ..........१ विपक्षी

सूचना अधिकारी, कपिलवस्तु नगरपालिका कार्यालय, कपिलवस्तु .... ............. ...........१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौका तारानाथ दाहाल समेतले कपिलवस्तु नगरपालिकाको कार्यालय कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।१ मा पुनरावेदन गरेको । तत् पश्चात यस आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम कपिलवस्तु नगरपालिका कार्यालय, कपिलवस्तुलाई मिति २०७२।०७।२० च.नं. ५२३ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । यस सम्बन्धमा उक्त नगरपालिकाको मिति २०७२।०९।०६, च.नं. १२७९, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई जानकारी गराएकाले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।